**“स्वच्छ, शान्त, समृद्धः पर्यटकीय नगर बूढानीलकण्ठ”**

बूढानीलकण्ठ नगरपालिका
नगर कार्यपालिकाको कार्यालय
गोल्फुटार, काठमाण्डौ
३ नं प्रदेश, नेपाल

# आर्थिक ऐन, २०७६

स्थानीय सरकार सञ्चालन ऐन, २०७४, को दफा १०२ को उपदफा (१) बमोजिम
**बूढानीलकण्ठ नगरपालिकाको नगर सभाले जारी गरेको ऐन**

# आर्थिक ऐन, २०७६

## बूढानीलकण्ठ नगरपालिकाको अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्न बनेको ऐन

**प्रस्तावना :** बूढानीलकण्ठ नगरपालिकाको आर्थिक वर्ष २०७६।७७ को अर्थ सम्बन्धी प्रस्तावलाई कार्यान्वयन गर्नको निमित्त स्थानीय कर तथा शुल्क संकलन गर्ने, छुट दिने तथा आय संकलनको प्रशासनिक व्यवस्था गर्न वाञ्छनीय भएकोले,

नेपालको संविधानको धारा २२८ को उपधारा (२) बमोजिम बूढानीलकण्ठ नगर सभाले यो ऐन बनाई लागु गरेको छ ।

१. **संक्षिप्त नाम र प्रारम्भः** (१) यस ऐनको नाम **"आर्थिक ऐन, २०७६"** रहेको छ ।

(२) यो ऐन, २०७६ साल श्रावण १ गतेदेखि बूढानीलकण्ठ नगरपालिका क्षेत्रमा लागू हुनेछ ।

२. **सम्पति करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाको स्वामित्वमा रहेको घर र सो घरले चर्चेको जग्गामा सम्पत्ति कर लगाइ बाँकी जग्गा र घर नभएका अन्य जग्गामा भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाइने सम्पत्ति करको दर अनुसूची (१) मा उल्लेख भए बमोजिम हुनेछ ।

(३) यस दफा बमोजिम सम्पत्ति कर लगाउँदा घर र घरजग्गाको मूल्याङ्कन देहायको आधारमा गरिनेछ ।

(क) घर र घरजग्गाको आकार, प्रकार, बनौट र उपयोगको अवस्था,

(ख) घर र घरजग्गाको चलनचल्तिको मूल्य र घरको ह्रास मूल्य,

(ग) घर र घरजग्गाको व्यापारिक र आवासीय उपयोगको अवस्था

(४) उपदफा (१) बमोजिम घर र घरजग्गाको सम्पत्ति करको दर निर्धारण गर्दा नागरिकको जीवनस्तर, आर्थिकस्तर, कर तिर्न सक्ने क्षमता, सम्पत्तिको प्रचलित बजारमूल्य तथा ह्रासमूल्य समेतलाई विचार गरी कार्यपालिकाले आवश्यक कार्यविधि बनाई लागु गर्न सक्नेछ ।

(५) यस ऐनमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि देहायको घर र घरजग्गामा सम्पत्ति कर लाग्नेछैन :

क. नेपाल सरकार, प्रदेश सरकार र स्थानीय तहको स्वामित्वमा रहेको घर र जग्गामा

ख. सरकारी अस्पतालको घर र जग्गामा

ग. गुठीको स्वामित्वमा रहेको घर र जग्गामा

घ. मुनाफाको उद्देश्य नराखी सञ्चालनमा रहेको सरकारी शिक्षण संस्था, कम्पनी, समिति, प्राधिकरण, बोर्ड र सरकारी संस्थानको घर र घरजग्गामा

ङ. मुनाफाको उद्देश्य नराखी सञ्चालनमा रहेको संघसंस्थाको घर र जग्गामा

च. धार्मिक संस्था (मन्दिर, गुम्बा, चर्च, मस्जिद) आदि को घर र जग्गामा

छ. खानेपानी संकलन, पोखरी, बिद्युतगृह, मसानघाट, कब्रिस्तान, कर्वला, मजार, बसपार्क, रंगशाला, उद्यान पार्क जस्ता सार्वजनिक उपभोगका स्थलहरु

ज. राजदुतावास, बाणिज्य नियोग, कुटनीतिक नियोगका घरजग्गाहरु

३. **भूमि कर (मालपोत):** नगरपालिका क्षेत्रभित्र अनुसूची (२) बमोजिम भूमि कर (मालपोत) लगाइने र असूल उपर गरिनेछ । तर दफा २ बमोजिम सम्पत्ति कर लगाएको जग्गामा भूमीकर (मालपोत) लगाईने छैन ।

४. **घर जग्गा बहाल कर:** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड (छप्पर), कारखाना, जग्गा वा पोखरी पूरै वा आंशिक तबरले बहालमा दिएकोमा बार्षिक बहाल रकममा बहाल कर लगाईने र असुलउपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम लगाईने घरजग्गा बहाल करको दर अनुसूची (३) मा उल्लेख भए बमोजिम  हुनेछ ।

(३) उपदफा (१) बमोजिम लगाईने बहाल रकम निर्धारण गर्नको लागि नगरपालिकाले घरजग्गा रहेको स्थान तथा संरचनाको प्रकारको आधारमा न्यूनतम बहाल मूल्य तोकी सोही आधारमा बहाल रकम निर्धारण गरी कर लिन सक्नेछ ।

५. **व्यवसाय कर:** (१) नगरपालिका क्षेत्रभित्र व्यापार, व्यवसाय वा सेवामा पूँजीगत लगानी र आर्थिक कारोवारका आधारमा व्यवसाय कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न चाहने व्यक्ति वा संस्थालाई व्यवसाय दर्ता गरी व्यवसाय इजाजत प्रदान गरिनेछ । इजाजत प्राप्त व्यवसायीहरुले वार्षिक रुपमा व्यवसाय कर चुक्ता गरी व्यवसाय नविकरण गर्नु पर्नेछ । ब्यवसाय दर्ता तथा नवीकरण दस्तुरको रकम एकै हुनेछ ।

(३) उपदफा (२) बमोजिम प्रदान गरिने व्यवसाय इजाजत दस्तुरको दर व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न लाग्ने लगानीको आधारमा अनुसूची (४) मा तोकिए बमोजिम हुनेछ ।

(४) उपदफा (२) बमोजिमको इजाजत विना नगरपालिका क्षेत्रभित्र कुनै पनि व्यापार, व्यवसाय तथा सेवा सञ्चालन गर्न पाईने छैन ।

(५) यस दफा बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

६. **जडिबुटी, कवाडी र जीवजन्तु करः** (१) नगरपालिका क्षेत्रभित्र कुनै व्यक्ति वा संस्थाले ऊन, खोटो, जडिबुटी, वनकस, कवाडी माल र प्रचलित कानूनले निषेध गरिएको जीवजन्तु बाहेकका अन्य मृत वा मारिएका जीवजन्तुको हाड, सिङ, प्वाँख, छाला जस्ता वस्तुको व्यवसायिक कारोवार गरेबापत अनसूची (५) बमोजिम जडिबुटी, कवाडी तथा जीवजन्तु कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमका वस्तुको व्यवसायिक कारोवार गर्ने ब्यक्ति वा संस्थालाई नगरपालिकाले व्यवसाय इजाजत दिँदा कर बुझाउने शर्त र विधि समेत तोकी इजाजत दिनेछ ।

७. **सवारी साधन करः**(१) नगरपालिका क्षेत्रभित्रका सवारी साधनमा प्रदेश सरकारले सवारी साधन कर लगाउने र उठाउनेछ । तर टाँगा, रिक्सा, अटोरिक्सा र विद्युतीय रिक्सा तथा विद्युतीय स्कुटरमा नगरपालिकाले सवारी साधन कर लगाउने र उठाउनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले लगाउने भनी तोकिएका सवारी साधनहरुको दर्ता, नवीकरण र सवारी साधन करको दर अनुसूची (६) बमोजिम हुनेछ ।

(३) प्रदेश सरकारले लगाएको सवारी साधन कर रकमबाट नगरपालिकाले प्राप्त गर्ने हिस्सा प्रचलित संघीय र प्रदेश कानूनमा तोकिए बमोजिम हुनेछ ।

८. **विज्ञापन करः** (१) नगरपालिका क्षेत्रभित्र हुने विज्ञापन, प्रचारप्रसार आदिका लागि राख्न दिने साइनबोर्ड, ग्लोबोर्ड, स्टल आदिमा अनुसूची (७) बमोजिम विज्ञापन कर लगाइने र असूल उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिमको कर उठाउनका लागि आवश्यक पर्ने कार्यविधि नगर कार्यपालिकाले स्वीकृत गरी लागु गर्न सक्नेछ ।

(३) यस दफा बमोजिम नगरपालिकाले उठाएको विज्ञापन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

९. **मनोरञ्जन करः** (१) नगरपालिका क्षेत्रभित्र संचालित सिनेमा हल, सांस्कृतिक प्रदर्शन हल, थिएटर संगीत, मनोञ्जन प्रदर्शनस्थल, जादू, सर्कस, चटक जस्ता मनोरञ्जन व्यवसाय सेवामा प्रदेश कानूनले तोके बमोजिम मनोरञ्जन कर लगाई असलु उपर गरिनेछ ।

(२) उपदफा (१) बमोजिम नगरपालिकाले उठाएको मनोरञ्जन कर बापतको रकम प्रचलित संघीय र प्रदेश कानून बमोजिम सम्बन्धित प्रदेशसंग बाँडफाँड गरिनेछ ।

१०. **बहाल बिटौरी शुल्कः** (१) नगरपालिकाले आफुले निर्माण, रेखदेख वा सञ्चालन गरेका देहाय बमोजिमका सम्पत्तिहरुमा अनुसूची (८) बमोजिमको दरमा बहाल बिटौरी शुल्क लगाउन र उठाउन सक्नेछ :

(क) आफुले निर्माण गरेका वा आफ्नो स्वामित्वमा रहेका भवन, जग्गा वा अन्य सम्पत्ति,
(ख) आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थल, ऐलानी जग्गा वा बाटोको छेउको जग्गामा भएका अस्थाई टहरा, छाप्रा वा पसल वा आवास,
(ग) नगरपालिकाले तोकेको सार्वजनिक स्थल, हाटबजार, मेला, जात्रा आदिमा थापेका पसल,

(२) उपदफा (१)को खण्ड (क) र (ख) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगर कार्यपालिकाले न्यूनतम दर निर्धारण गरी बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहालमा दिन सक्नेछ ।

(३) उपदफा (१) को खण्ड (ग) बमोजिमको सम्पत्तिमा बहाल बिटौरी शुल्क उठाउनका लागि नगरपालिकाले त्यस्तो स्थानमा खरीद बिक्री हुने वस्तु तथा सेवा एवं कारोवारको आधारमा तोकेको न्यूनतम बहाल बिटौरी शुल्कको दरमा बोलपत्र वा दरभाउ पत्र वा डाँक बढावढको माध्यमवाट बहाल विटौरीमा दिन सकिनेछ ।

(४) उपदफा (२) र (३) बमोजिम बहाल बिटौरीमा दिँदा शर्त सहित सम्झौता गरी दिनु पर्नेछ ।

**११. पार्किङ्ग शुल्कः** (१) नगरपालिकाले आफ्नो क्षेत्रभित्र तोकेको पार्किङ्ग स्थलमा सवारी साधनलाई पार्किङ्ग सुविधा उपलब्ध गराए बापत पार्किङ्ग गर्ने समयको आधारमा अनुसूची (९) मा उल्लेख भए बमोजिमको दरमा पार्किङ्ग शुल्क लगाइने र असूल उपर गरिनेछ ।

(२) नगरपालिकाले उपदफा (१) बमोजिम तोकेको स्थान बाहेक अन्य स्थानमा सवारी पार्किङ्ग गर्न रोक लगाउन सक्नेछ । तर राजमार्ग तथा सहायक राजमार्गको सडक अधिकार क्षेत्रभित्र यस दफा बमोजिम सवारी पार्किङ्ग गराइने र शुल्क लगाइने छैन ।

(३) नगरपालिकाले सवारी पार्किङ्ग क्षेत्र निर्धारण गर्दा सवारी आवागमनमा बाधा नपुग्ने गरी ट्राफिक प्रहरी कार्यालयसंगको समन्वयमा गर्नेछ ।

**१२. सेवा शुल्क, दस्तुर** :(१)नगरपालिकाले आफ्नो क्षेत्रभित्र सञ्चालनमा रहेका केबलकार, ट्रेकिङ्ग, कायाकिङ्ग, क्यानोनिङ्ग, बञ्जी जम्प, जिपफ्लायर, न्याफ्टिङ्ग, प्याराग्लाइडिङ्ग लगायतका स्थानीय पर्यटन, मनोरञ्जन तथा साहसिक खेलकुद सम्बन्धी सेवा वा व्यवसायमा सेवा शुल्क लगाइने र असूल उपर गरिनेछ ।

तर सीमा नदी वा अर्को गाउँपालिका वा नगरपालिकाको क्षेत्रलाई समेटेर सञ्चालन हुने सेवा वा व्यबसायमा सेवा शुल्क लगाउँदा सम्बन्धित गाउँपालिका/नगरपालिकासँग समन्वय गरी लगाइनेछ ।

(२) नगरपालिकाले निर्माण वा सञ्चालन तथा व्यवस्थापन गरेका स्थानीय पूर्वाधार वा उपलब्ध गराएको देहायको कुनै सेवा उपयोग गरे बापत सम्बन्धित सेवा प्रदायक तथा सेवाग्राहीलाई सेवा शुल्क, दस्तुर लगाइने र असूल उपर गरिनेछ :

(क) खानेपानी, बिजुली, अतिथि गृह, धर्मशाला, पुस्तकालय, सभागृह र त्यस्तै अन्य सेवा सुविधा,
(ख) फोहोरमैला व्यबस्थापन, सरसफाई, ढल निकास, सडक बत्ती जस्ता सेवा सुविधा ( फोहोरमैला व्यवस्थापन कार्य ठेक्काबाट समेत सञ्चालन गर्न सकिनेछ)
(ग) शौचालय, पार्क, स्नानगृह, पौडी पोखरी, व्यायामशाला, गेष्टहाउस, पर्यटकीय स्थल, छात्रावास, हाटबजार, पशु बधशाला, शबदाहगृह, धोवीघाट र त्यस्तै अन्य सुविधा,
(घ) सडक, बस पार्क, ढल, पुल जस्ता सेवा,

(ङ) अचल सम्पत्ति वा अन्य कुनै विषयको मूल्याङ्कन सम्बन्धी सेवा,

(च) नगरपालिकाले प्रदान गर्ने सिफारिश सम्बन्धी कुनै सेवा,

(छ) ऐतिहासिक स्थल, पुरातात्विक स्थल एवं धार्मिक महत्वका सम्पदाको प्रवेश शुल्क ।

तर ऐतिहासिक स्थल, पुरातात्विक स्थल र धार्मिक महत्वका सम्पदामा प्रवेश गर्दा बूढानीलकण्ठ नगरवासीहरुलाई यस प्रकरण बमोजिम शुल्क लिन पाइने छैन ।

(३) नगरपालिकाले सहकारी संस्था, एफ.एम. रेडियो, "घ" वर्गको निर्माण व्यबसायी इजाजत, विद्यालय स्थापना, ट्युसन तथा कोचिङ्ग सेन्टर, औषधी पसल, स्थानीय व्यापारिक फर्मको दर्ता, अनुमति, नविकरण तथा नियमन आदि सेवामा शुल्क दस्तुर तोकी लगाइने र उठाइनेछ ।

(४) बूढानीलकण्ठ नगरपालिकाभित्र नयाँ घर निर्माण गर्दा घर निर्माण स्वीकृति लिएर मात्र निर्माण कार्य गर्नुपर्नेछ । अस्थायी ईजाजत (प्लिन्थ लेभल) लिए पश्चात प्राबिधिकबाट चेकजाँच गरी स्थायी निर्माण स्वीकृति लिनुपर्नेछ र अस्थायी ईजाजत लिएको मितिबाट दुई बर्षभित्र निर्माण सम्पन्न प्रमाणपत्र लिईसक्नुपर्नेछ । दुई बर्ष भित्र निर्माण कार्य सम्पन्न गर्न नसकेमा म्याद सकिनु अगावै नियमानुसार नवीकरण दस्तुर तिरी थप दुई बर्षको लागि नक्सा नवीकरण गर्न सकिनेछ । सो म्याद समेत गुज्री ४ वर्ष अवधि पुगेमा नक्सा पास गर्दा लाग्ने पुरै दस्तुर तिरी पून:नयाँ नक्सा पास गर्नुपर्ने छ ।

(५) कुनै व्यक्ति, संस्था वा कार्यालयले धारा, ढल एवं अन्य निर्माणको लागि नगरपालिकाको जिम्मामा रहेर सडक बाटो खन्दा नगरपालिकाको प्राबिधकबाट लागत अनुमान गराई तोकिए बमोजिमको घरौटी रकम न.पा को धरौटी खातामा जम्मा गरे पश्चात मात्रै स्वीकृति दिईनेछ ।

(६) दफा (१), (२), (३), (४) र (५) बमोजिम लगाइने सेवा शुल्क, दस्तुरको दर अनुसूची (१०) मा उल्लेख भए बमोजिम हुनेछ ।

**१३. ढुंगा, गिट्टी, बालुवा तथा दहत्तर बहत्तर तथा अन्य बिक्री शुल्क :** (१) नगरपालिकाले आफ्नो स्वामित्वमा रहेको सम्पत्ति वा आफ्नो रेखदेखमा रहेको सार्वजनिक स्थलबाट उत्पादन हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुहरुको बिक्री गर्न सक्नेछ ।

(२) नगरपालिकाले आफ्नो क्षेत्रभित्र उत्पादन भै आफ्नो सिमाक्षेत्र भन्दा बाहिर निकासी हुने ढुंगा, गिट्टी, बालुवा, माटो, काठ दाउरा, जराजुरी, स्लेट आदि प्राकृतिक एवं खानीजन्य वस्तुको बाह्य निकासीमा निकासी शुल्क लगाउन सक्नेछ ।

(३) उपदफा (१) र (२) बमोजिम नगरपालिकाले गर्ने बिक्री तथा लगाउने निकासी शुल्कको दर अनुसूची (११) मा तोकिए बमोजिम हुनेछ ।

(४) नगर कार्यपालिकाले आफ्नो प्रयोगमा नआउने पुराना र काम नलाग्ने वस्तु, उपकरण तथा सामानहरु लिलाम विक्री गर्न सक्नेछ ।

(५) कार्यपालिकाले नागरिकको सुविधाको लागि विभिन्न फाराम तथा पुस्तकहरु वा अन्य सेवा बिक्री गर्न सक्नेछ ।

(६) उपदफा (१) बमोजिमका वस्तुहरु बिक्री तथा उपदफा (२) बमोजिमको निकासी शुल्क असूलीका लागि बिक्री तथा निकासीको परिमाण तथा दर निर्धारण गरी बोलपत्र, दरभाउ पत्र वा डाँक बढाबढको माध्यमबाट गरिनेछ ।

**१४. पर्यटन शुल्कः** नगरपालिकाले आफ्नो क्षेत्रभित्र प्रवेश गर्ने पर्यटकहरुवाट कानुनमा तोकिए बमोजिम अनुसूची (१२) अनुसार कर लगाइने र असूल उपर गरिनेछ ।

**१५.घरजग्गा रजिष्ट्रेशन शुल्क** : (१)घर जग्गा रजिष्ट्रेशन शुल्क प्रदेश कानूनले तोके बमोजिम लगाइने र उठाईनेछ ।

(२) उपदफा (१) बमोजिम उठेको रकम संघीय र प्रदेश कानून बमोजिम बाँडफाँड गरिनेछ ।

(३) घर जग्गा रजिष्ट्रेशन शुल्क उठाउन नगरपालिकामा साधन, स्रोत, प्रविधि, जनशक्ति तथा कार्यालय व्यवस्थापन नभएसम्म नेपाल सरकारले तोकेको कार्यालय मार्फत उठाईनेछ ।

**१६. दण्ड जरिवाना :**(१) नगरपालिकाले निर्धारण गरेको कर, शुल्क तथा महसुल तोकिएको समयमा भुक्तानी नगरेमा सम्बन्धित कानूनमा दर तोकिएकोमा सोही बमोजिम र नतोकिएकोमा कार्यपालिकाबाट निर्धारित दरमा जरिवाना सहित बक्यौता असुल गर्नेछ ।

(२) नगरपालिकाले उपदफा (१) बाहेक प्रचलित कानून पालना नगरेको कसूरमा लगाउने अन्य दण्ड जरिवाना रकम सम्बन्धित कानुनमा तोकिए बमोजिम हुनेछ ।

**१७. कर छुट :**(१) बार्षिक रुपमा तिर्नुपर्ने राजश्व सोही आर्थिक बर्षको पहिलो चौमासिक भित्र र मासिक रुपमा तिर्नुपर्ने राजश्वको हकमा महिना समाप्त भएको सात दिनभित्र बुझाउने करदातालाई नियमानुसार लाग्ने राजश्वको क्रमशः दश र पाँच प्रतिशत छुट दिइनेछ ।

(२) संघीय सरकार, प्रदेश सरकार, स्थानीय सरकार, कुटनीतिक नियोग, गुठी र लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्थाको सम्पत्ति, वस्तु तथा कारोवारमा यस ऐन, बमोजिमको कर लिईने छैन ।

*स्पष्टीकरण:* लाभको उद्देश्य नराखी सञ्चालन हुने संघसंस्था भन्नाले सामुदायिक अस्पताल तथा स्वास्थ्य केन्द्र, विश्वविद्यालय र सोका आंगिक कलेजहरु, सरकारी वा सामुदायिक विद्यालयहरु, सार्वजनिक पुस्तकालय, वाचनालाय, बालगृह, अनाथाश्रम, वृद्धाआश्रम जस्ता सामाजिक संघसंस्था सम्झनु पर्दछ ।

(३) विपद् वा अन्य यस्तै प्रकृतिका विशेष परिस्थितिको कारणले करदाताहरुले कर भुक्तानी गर्न नसक्ने अवस्था आएमा सोको स्पष्ट कारण खुलाई नगर सभाको निर्णय बमोजिम कर वा जरिवाना छुट दिन सकिनेछ ।

(४) कानूनमा व्यवस्था भएको अवस्थामा बाहेक नगरपालिकाको कुनै निकाय वा अधिकारीले कुनै प्रकारको कर, शुल्क, महसुल, दण्ड, जरिवाना छुट दिन पाउने छैन ।

तर स्थानीय आर्थिक कृयाकलापमा उल्लेखनीय योगदान पुऱ्याउने किसिमका उद्योग व्यवसायमा निश्चित अवधीसम्म सभाले बनाएको कानून बमोजिम कर, दस्तुर, शुल्क छुट दिन बाधा पर्ने छैन ।

१८. **प्रशासकीय पुनरावलोकन र पुनरावेदन :**(१) नगरपालिकाले गरेको कर, शुल्क, महसुल, दण्ड, जरिवाना सम्बन्धी निर्णयमा चित्त नबुझेमा करदाताले नगरपालिकामा प्रशासकीय पुनरावलोकनको लागि निवेदन दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिम परेको निवेदन उपर प्रशासकीय पुनरावलोकनको लागि कार्यपालिकाले प्रमुखको अध्यक्षतामा सम्बन्धित विषय विज्ञ समेत रहने गरी तीन सदस्यीय राजश्व प्रशासकीय पुनरावलोकन समिति गठन गर्नेछ । यस्तो समितिमा कर निर्धारणमा संलग्न पदाधिकारी वा कर्मचारीको सहभागिता रहनेछैन ।

(३)उपदफा (१) बमोजिम पुनरालोकनकोलागि प्राप्त भएको निवेदन उपर पैतिस दिनभित्र छानविन तथा निर्णय गरी सम्वन्धित व्यक्तिलाई निर्णयको जानकारी दिनु पर्नेछ ।

(४) नगरपालिकाले तोकिएको समयमा यस दफा बमोजिम प्रशासकिय पुनरावलोकन नगरेको कारणले करदातालाई थप आर्थिक भार पर्न गई हानी नोक्सानी पर्न गएमा नगरपालिकाले त्यसको क्षतिपुर्ति दिनु पर्नेछ ।

१९ .**ठेक्का आह्वान गर्न सक्ने :** (१) यस ऐन, बमोजिम संकलन गर्ने सेवा शुल्क र दस्तुर कार्यपालिकाले आवश्यकता अनुसार एक आर्थिक वर्षको लागि आय ठेक्का बन्दोबस्त गरी संकलन गर्नसक्नेछ ।

तर, आन्तरिक आय वृद्धि हुने देखिएमा वा पटक पटक ठेक्का बन्दोबस्त गर्दा प्रशासनिक दायित्व बढ्न जाने अवस्थामा बढीमा दुई वर्षसम्मको लागि एकैपटक ठेक्का बन्दोबस्त गर्न सकिनेछ ।

(२) यस दफा बमोजिमको आय ठेक्का दिदा आन्तरिक राजस्व कार्यालयबाट स्थायी लेखा नम्बर वा मूल्य अभिबृद्धि कर दर्ता प्रमाण पत्र प्राप्त गरेका व्यक्ति, फर्म, संस्था वा कम्पनीले मात्र प्रतिस्पर्धा गर्ने गरी व्यवस्था मिलाउनु पर्नेछ ।

(३) नगरपालिकाले सामान्यतयाः आर्थिक वर्ष शुरु हुनुभन्दा अगावै ठेक्का बन्दोबस्त गरी ठेक्का सम्झौता कार्य सम्पन्न गरिसक्नु पर्नेछ ।

(४) नगरपालिकाले कर संकलन गर्न सामान्यतयाः ठेक्का बन्दोबस्त गरिने छैन । तर जडिबुटी, कवाडी र जीबजन्तुकर तथा विज्ञापन कर संकलन गर्न ठेक्का बन्दोबस्त नै गर्नु पर्ने अवस्थामा कार्यपालिकाको निर्णय गराई ठेक्कामा संकलन गर्न सकिनेछ ।

(५) यस दफा बमोजिम गरिने आय ठेक्का बन्दोबस्तका लागि बोलपत्र, दरभाउपत्र तथा डाँक बढाबढ सम्बन्धी कार्यविधि र पट्टा कबुलियत, धरौटी, किस्ता र ठेक्का तोड्ने जस्ता कार्यविधिहरु अर्को व्यबस्था नभएसम्म स्थानीय निकाय (आर्थिक प्रशासन) नियमावली, २०६४ ( संशोधन समेत) लाई आधार मानी गरिनेछ ।

२०. **सहयोग गर्नुपर्ने :** संघीय तथा प्रदेश सरकारका कार्यालयहरुले नगरपालिकाको राजस्व असुली कार्यमा आवश्यक सहयोग उपलब्ध गराउनु पर्नेछ।

२१. **प्रगतिशील कर प्रणाली अवलम्बन गरिने :** नगरपालिकाले करको दर निर्धारण गर्दा गरिब तथा विपन्न वर्गलाई कम बोझ पर्ने गरी प्रगतिशील कर प्रणाली अवलम्बन गर्नुपर्नेछ।

२२. **कार्यविधि बनाउन सक्ने :** (१) ऐनको उद्देश्य कार्यान्वयन गर्नको लागि नगरपालिकाले आवश्यक कार्यविधि वा निर्देशिका बनाई लागु गर्न सक्नेछ।

(२) उपदफा (१) बमोजिम बनेको कार्यविधि वा निर्देशिका नगर कार्यपालिकाबाट स्वीकृत भई सार्वजनिक भए पछि लागु हुनेछ।

२३. **प्रचलित कानुन बमोजिम हुने :** यस ऐन,मा उल्लेख गरिएका बिषयहरुमा यसै बमोजिम र उल्लेख नगरिएका बिषयमा प्रचलित कानुनमा व्यवस्था भए बमोजिम हुनेछ।

# अनुसूची १
# सम्पत्ति कर

**क.सम्पत्ति कर सम्बन्धमा**

बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र स्थानीय सरकार सञ्चालन ऐन, २०७४( संशोधन सहित) को दफा ५५ को उपदफा (१) अनुसार घर र घरले चर्चेको जग्गामा सम्पत्ति घर लगाईनेछ। 'घरले चर्चेको जग्गा' भन्नाले घरले चर्चेको (प्लिन्थ एरिया) लाई सम्झनु पर्नेछ। घरले चर्चेको जग्गाको क्षेत्रफल अधिकतम सो घरले चर्चेको प्लिन्थ एरिया बराबरको थप जग्गा सम्मलाई सम्पत्ति कर लिइने। सो भन्दा बढी जग्गाको हकमा भूमि कर (मालपोत) लगाइनेछ।

**१. सम्पत्ति करको लागि घरको मुल्यांकन तथा ह्रासकट्टी निम्न अनुसार गरिनेछ :**

| घरको बनावट | औसत लागत दर प्रति वर्ग फुट | ह्रास कट्टी प्रतिशतमा | कट्टी गर्ने जम्मा बर्ष |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको ईटामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेस्टसको छाना भएको घर | रु ६००।- | ३ | २५ |
| भित्र बाहिर सिमेन्ट प्लाष्टर गरी छाना ढलान वा आरविसि गरिएको वा जस्ता, टायल, झिगटी, एसवेस्टसको छाना भएको | रु ७५०।- | २ | ३० |
| भित्र बाहिर पाको ईटा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरी छाना ढलान (आर सि सि वा आर वि सि ) गरिएको घर | रु १७५०।- | १ | ५० |
| आरसिसि फ्रेम स्ट्रक्चरको घर, स्टील फ्रेम स्ट्रक्चर, फ्रविड्ट्रस, फाइवर वा यस्तै संरचना | रु १८००।- | ०.७५ | ७० |
| डिपार्टमेन्ट स्टोर, कम्प्लेक्स, अपार्टमेन्ट र पाँचतारे तथा ठुला होटल | रु ३०००।- | ०.७५ | ७० |

## २. सम्पत्ति करको लागि जग्गाको मुल्यांकन निम्न अनुसार कायम गरिनेछ :

### ४ मिटर भन्दा कम चौंडाई भएको सडकहरुमा

| क्र.सं. | सडकको बिवरण | वडा नं | मुल्यांकन (रु.) | वडा नं. | सडकको किसिम | मुल्यांकन |
|---|---|---|---|---|---|---|
| १ | बाटो नभएका जग्गाहरु | १ देखि १३ | २,५०,०००।- | • पहाडी भुभाग छुने वडाहरु १, २, ३, ४, ५ र १३ का केही भुभागहरु<br>• बू.न.पा. वडा नं. १ साविक चपली गा.वि.स. वडा नं. १/क, १/ख, ३/क, ३/ख, ४/ख, ४/ग का केही भुभागहरु<br>• बू.न.पा. वडा नं. २ साविक चपली गा.वि.स. वडा नं. ५/क, ५/ख को केही भुभाग<br>• बू.न.पा. वडा नं. ३ साविक बिष्णु गा.वि.स. को वडा नं. १/क को पुरै भुभाग<br>• बू.न.पा. वडा नं. ४ साविक बिष्णु गा.वि.स. वडा नं. ६/क, ६/ख, ६/ग को पुरै भुभाग<br>• बू.न.पा. वडा नं. ५, साविक बिष्णु गा.वि.स. वडा नं. ९/क, ९/ख, ७/ख, ८/क, ८/ख का केही भुभाग<br>• वडा नं. १३ साविक चुनीखेल गा.वि.स. मेन रोड नामाकरण गरिएको जग्गा बाहेक अन्य जग्गाको मुल्य | बाटो नभएका जग्गाहरु | १,५०,०००।- |
| २ | गोरेटो बाटो भएका जग्गाहरु | १ देखि १३ | ३,५०,०००।- | | गोरेटो बाटो भएका जग्गाहरु | २,५०,०००।- |
| ३ | कच्ची मोटरबाटो भएका जग्गाहरु | १ देखि १३ | ६,५०,०००।- | | कच्ची मोटरबाटो भएका जग्गाहरु | १,५०,०००।- |
| ४ | पिच बाटो भएका जग्गाहरु | १ देखि १३ | ९,००,०००।- | | पिच बाटो भएका जग्गाहरु | २,५०,०००।- |

## ४ मिटर भन्दा बढी चौंडाई भएका सडकहरुमा

| क्र.सं. | सडकको बिवरण | वडा नं. | मुल्यांकन (रु.) | वडा नं. | मुल्यांकन |
|---|---|---|---|---|---|
| १ | कच्ची मोटरबाटो भएका जग्गाहरु | १ देखि १३ | ९,००,०००।- | वडा नं १३ को ४ मिटर भन्दा बढी चौँडाईका सडकः (मेन रोड बाहेक) | ५,००,०००।- |
| २ | पिच सडक भएका जग्गाहरु | १ देखि १३ | ११,००,०००।- | | ७,७०,०००।- |

## मेन सडक नामाकरण गरिएका जग्गाहरु

| | | | | | |
|---|---|---|---|---|---|
| १ | बूढानीलकण्ठ जाने मुल सडक | | १७,००,०००।- | | |
| २ | गोल्फुटार हुँदै धुम्बाराही जाने मुल सडक | | १५,००,०००- | | |
| ३ | तेञ्जिङ्ग चोक आनिगुम्बा सडक | | १०,००,०००।- | | |
| ४ | साततले-मिलनचोक तरकारी बजार जाने सडक | | १३,००,०००।- | | |
| ५ | साततले-साँप्रेढुंगा सडक | | १५,००,०००।- | | |
| ६ | राम मन्दिरबाट कृष्ण मन्दिर जाने बाटो | | १५,००,०००।- | | |
| ७ | बिष्णुमती-धोबीखोला जाने सडक | | १२,००,०००।- | | |
| ८ | धोबीखोला पुल देखि कपन जोड्ने चुनीखेल मुल सडक | | १०,००,०००।- | | |

### ३. सम्पत्ति करको दर निम्न अनुसार कायम गरिनेछ :

| | | | | |
|---|---|---|---|---|
| १ | पहिलो रु. ३०,००,००० (तीस लाख) सम्म | एकमुष्ठ | रु. ५००।- | |
| २ | दोश्रो रु. २०,००,००० (बीस लाख) सम्म | ०.०३ % | रु. ६००।- | |
| ३ | तेश्रो रु. ५०,००,००० (पचास लाख) सम्म | ०.०७% | रु. ३,५००।- | |
| ४ | चौंथो रु. १,००,००,००० (एक करोड) सम्म | ०.११% | रु. ११,०००।- | |
| ५ | पाचौं रु. १,००,००,००० (एक करोड) भन्दा माथि जति भए पनि | ०.२५ % | | |

**ख. बक्यौता घरजग्गा/सम्पत्ति कर सम्बन्धमा**

बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र गत आ.व. मा तिर्न बाँकी रहेका घरजग्गा कर तथा सम्पत्ति कर असुल्नका लागि घर र घरले चर्चेको जग्गामा बक्यौता घरजग्गा कर/सम्पत्ति कर लगाईनेछ । उल्लेखित बक्यौता घरजग्गा कर असुलउपर गर्दा जग्गाको क्षेत्रफल कायम गर्दा घरले चर्चेको प्लिन्थ एरियालाई सम्झनु पर्नेछ । घरले चर्चेको जग्गाको क्षेत्रफल अधिकतम सो घरले चर्चेको प्लिन्थ एरिया बराबरको थप जग्गासम्मलाई बक्यौता घरजग्गा कर तथा सम्पत्ति कर लिइनेछ । सो भन्दा बढी जग्गालाई बक्यौता घरजग्गा कर/सम्पत्ति कर लिइने छैन । बक्यौता घरजग्गा तथा सम्पत्ति कर असुलउपर गर्ने हकमा चालु आ.व. लाई नै आधार मानेर असुलउपर गरिनेछ ।

**१) बक्यौता घरजग्गा कर/समपत्ति करको मुल्यांकन तथा ह्रासकट्टी निम्न अनुसार गरिनेछ ।**

| **घरको बनावट** | **औसत लागत दर प्रति वर्ग फुट (रु.)** | **ह्रास कट्टी (प्रतिशतमा)** | **कट्टी गर्ने जम्मा बर्ष** |
|---|---|---|---|
| भित्र काँचो बाहिर पाको ईंट्टामा माटोको जोडाई भएको वा काठै काठबाट बनेको र जस्ता, झिँगटी, टायल, एसवेस्टसको छाना भएको घर | ६००।- | ३ | २५ |
| भित्र बाहिर सिमेन्ट प्लाष्टर गरि छाना ढलान वा आर.वि.सि गरिएको वा जस्ता, टायल, झिँगटी, एसवेस्टसको छाना भएको | ७५०।- | २ | ३० |
| भित्र बाहिर पाको ईंट्टा वा ढुङ्गामा सिमेन्ट प्लाष्टर गरि छाना ढलान (आर.सि.सि वा आर.वि.सि ) गरिएको घर | १७५०।- | १ | ५० |
| आर.सि.सि फ्रेम स्ट्रक्चरमा लिफ्ट/ एस्कलेटर जडान भएको घर,स्टील फ्रेम स्ट्रक्चर, फ्रविङट्रस, फाइवर वा यस्तै संरचना | १८००।- | ०.७५ | ७० |
| डिपार्टमेन्ट स्टोर, कम्प्लेक्स, अपार्टमेन्ट र पाँचतारे तथा ठुला होटल | रु ३०००।- | ०.७५ | ७० |

**२) बक्यौता घर जग्गा कर/सम्पत्ति करको दर निम्न अनुसार गरिनेछ ।**

१) पहिलो रु ३० लाख सम्ममा एकमुष्ठ रु ५००।-

२) त्यसपछिको थप रु २० लाख सम्म ०.०३ प्रतिशत

३) त्यसपछिको थप रु ५० लाख सम्म ०.०७ प्रतिशत

४) त्यसपछिको थप रु १ करोड सम्म ०.११ प्रतिशत

५) त्यसपछिको जतिसुकै रुपैया थप भए पनि ०.२५ प्रतिशत

***पुनश्चः आर्थिक बर्षको प्रथम चौमासिक भित्र सम्पत्ति कर बुझाउने करदातालाई चालु आ.व को सम्पत्ति करमा एकमुष्ठ १० प्रतिशत छुट दिईनेछ ।***

## अनुसूची २

# भुमी कर तथा मालपोत कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५६ बमोजिम बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र दफा २. बमोजिम सम्पत्ति कर लागेको घरजग्गा बाहेकको अन्य जग्गामा मालपोत तथा भुमीकर लगाई असुलउपर गरिने छ।

| क्र.सं. | बिवरण | दर (रु.) |
|---|---|---|
| १ | न्युनतम | ५०।- |
| २ | प्रति रोपनी | २००।- |
| ३ | प्रति आना | १२।५० |
| ४ | बक्यौता जरिवाना | १० % |
| ५ | जग्गा बाँझो राखेमा न्युनतमः<br>१ रोपनी भन्दा कम | ५००।- |
| | १ रोपनी भन्दा माथि जति भए पनि | १०००।- |
| ***पुनश्चः बक्यौंता भुमी तथा मालपोत कर समेत माथि उल्लेखित बमोजिम नै असुलउपर गरिनेछ।*** | | |

## अनुसूची ३

# घर जग्गा बहाल कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५७ बमोजिम बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र निम्न अनुसार घर जग्गा बहाल कर लगाईनेछ।

| सि.नं. | बिवरण | | रकम |
|---|---|---|---|
| १ | नगर क्षेत्र भित्रका भवन तथा घर, पसल, ग्यारेज, गोदाम, टहरा, सेड, कारखाना, जग्गा, पोखरी आदि | क. संघसंस्था, कार्यालय, उद्योग, व्यवसाय प्रयोजनको लागि | १० % |
| | | ख. आवास प्रयोजनको लागि | ७ % |
| | | ग. कृषि प्रयोजनको लागि | २ % |

## अनुसूची ४
## ब्यवसाय दर्ता तथा नवीकरण कर

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ५८ बमोजिम बूढानीलकण्ठ नगरपालिका क्षेत्र भित्र निम्न अनुसार ब्यवसाय दर्ता तथा नवीकरण कर लगाईनेछ ।

| क्र.सं. | बिवरण | आ.व २०७५/०७६ को स्वीकृत दररेट (रु.) | आ.व २०७६/०७७ को स्वीकृत दररेट (रु.) |
|---|---|---|---|
| १ | बिभिन्न किसिमका कम्पनी: | | |
| | क बर्ग (रु. ५ लाख सम्म) | | २००० |
| | ख बर्ग (रु. ५ लाख देखि २० लाख सम्म) | | ३००० |
| | ग बर्ग (रु.२० लाख देखि ५० लाख सम्म) | | ५००० |
| | घ बर्ग (रु. ५० लाख देखि १ करोड सम्म) | | १०००० |
| | १ करोड भन्दा माथी | | २५००० |
| २ | डिपार्टमेन्ट स्टोर दर्ता तथा नवीकरण | १०००० | १५००० |
| ३ | ब्यवसाय दर्ता: चुरोट तथा रक्सी | | |
| | क.साना रु. ५ लाख सम्म | २००० | २००० |
| | ख.मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | ५००० | ५००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | ७००० |
| ४ | खुद्रा ब्यवसाय (किराना) | | |
| | क.साना रु. ५ लाख सम्म | २००० | २००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | ४००० | ५००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | ६००० | ७००० |
| ५ | सुनचाँदी तथा गहना बनाउने पसल | | |
| | क. रु. ५० लाख सम्म | ३००० | ५००० |
| | ख.रु. ५० लाख भन्दा माथि | ५००० | ७००० |
| | ग.ठुला रु. १ करोड भन्दा माथि | | ७००० |
| ६ | ईलेक्ट्रोनिक सामान खरिद बिक्रि ब्यवसाय | | |
| | क.साना रु. ५ लाख सम्म | १००० | २००० |
| | ख.मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | २००० | ३००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | ५००० |
| ७ | निर्माण सामाग्री तथा हार्डवेयर ब्यवसाय | | |
| | क.साना रु. ५ लाख सम्म | १००० | ३००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | २००० | ५००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | १०००० |
| | फर्निसिङ्ग तथा फर्निचर | | |

| | | | |
|---|---|---|---|
| ८ | क.साना रु. ५ लाख सम्म | २००० | ३००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | ५००० | ५००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | ७००० |
| ९ | पेट्रोलियम पदार्थ स्टोर वा डिपो | १०००० | १५००० |
| १० | कपडा पसल फेन्सी स्टोर | | |
| | क.साना रु. ५ लाख सम्म | १००० | २००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | २००० | ३००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | ५००० |
| ११ | सवारी साधन बिक्रेता | | |
| | क.साना रु. ५ लाख सम्म | २००० | ५००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | ५००० | ७००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | १०००० |
| १२ | बिशेष परामर्श तथा अन्य ब्यवसायिक सेवा | | |
| | क.साना रु. ५ लाख सम्म | १००० | १००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | २००० | २००० |
| १३ | ग. ठुला रु. १० लाख भन्दा माथि | | ३००० |
| १४ | कानुन ब्यवसायी | ५०० | ५०० |
| १५ | ईन्जिनियरिङ्ग तथा कन्सल्टेन्सी | १००० | २००० |
| १६ | लेखापरिक्षक | | |
| | क बर्ग | | ५००० |
| | ख बर्ग | | ३००० |
| | ग बर्ग | | २००० |
| | घ बर्ग | | १००० |
| | सि.ए | | ५००० |
| १७ | दन्त परिक्षक | ५०० | १००० |
| १८ | अनुसन्धानकर्ता तथा परामर्शदाता | १००० | ३००० |
| १९ | कम्प्युटर एनालिष्ट तथा प्रोग्रामर | | |
| | क. श्रेणी बिज्ञ | १००० | २००० |
| | ख. श्रेणी सामान्य | ५०० | १००० |
| २० | बिमा अभिकर्ता | १००० | २००० |
| २१ | सर्भेयर | १००० | १००० |
| २२ | अनुवादक | ५०० | १००० |

| | | | |
|---|---|---|---|
| २३ | पशुचिकित्सक | १००० | २००० |
| २४ | पशु चिकित्सा क्लिनिक | | ५००० |
| २५ | शेयर ब्रोकर | १००० | २००० |
| २६ | सामान ढुवानी तथा कम्पनी ट्रान्सपोर्ट सर्भिस | २००० | ३००० |
| २७ | संस्थागत पेन्टर | ५००० | ५००० |
| २८ | सामान्य पेन्टर (फ्लेक्स, ब्यानर ईत्यादि समेत) | ५०० | १००० |
| २९ | निर्माण ब्यवसायी | ५००० | ५००० |
| ३० | घरेलु उद्योग तथा कलकारखाना | | |
| | क.साना रु. ५ लाख सम्म | ५००० | ३००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | | ५००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | ७००० |
| ३१ | उर्जामुलक उद्योग | | |
| | क.साना रु. ५ लाख सम्म | १०००० | ५००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | | ७००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | १०००० |
| ३२ | कृषि तथा बनजन्य उद्योग | | |
| | क.साना रु. ५ लाख सम्म | ५०० | १००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | १००० | २००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | ३००० |
| ३३ | खनिज उद्योग | | |
| | क.साना रु. ५ लाख सम्म | ५००० | ५००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | | ७००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | १०००० |
| ३४ | पर्यटन उद्योग | | |
| | क. होमस्टे राखी ब्यवसाय गर्ने प्रति घर | १००० | २००० |
| | ख. होटल तथा गेष्ट हाउस १५ कोठा सम्म | १०००० | १५००० |
| | ग. १५ कोठा भन्दा माथि | २०००० | २०००० |
| | घ. तारे होटल | ५०००० | ५०००० |
| ३५ | साधारण रेस्टुरेन्ट | | |
| | क.साना रु. ५ लाख सम्म | १००० | २००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि | २००० | ३००० |
| | ग.ठुला रु. १० लाख भन्दा माथि | ३००० | ५००० |
| ३६ | जलपान पसल तथा चियाकफी | ५०० | १००० |
| ३७ | सेवा उद्योग (छापाखाना) | १००० | २००० |

| | | | |
|---|---|---|---|
| ३८ | निर्माण उद्योग: सडक पुल आवास तथा कम्प्लेक्स | | |
| | क.साना रु. ५ लाख सम्म | २००० | ५००० |
| | ख. मझ्यौला रु. ५ लाख भन्दा माथि १० लाख सम्म | ५००० | ७००० |
| | ग. ठुला रु. १० लाख भन्दा माथि | | १०००० |
| ३९ | निर्माण व्यवसाय | | |
| | क बर्ग | | २५००० |
| | ख बर्ग | | २०००० |
| | ग बर्ग | | १५००० |
| | घ बर्ग | | १०००० |
| ४० | घ बर्ग निर्माण व्यवसाय नवीकरण (कार्तिक देखि मंसिर सम्म नवीकरण हुन आउने व्यवसायलाई थप दस्तुर रु. ३,०००।- लाग्नेछ) | | ५००० |
| | घ बर्ग निर्माण व्यवसाय प्रा.लिमा परिणत | | १०००० |
| | घ बर्ग निर्माण व्यवसाय ठाउँसारी/नामसारी | | २००० |
| ४१ | संचार सेवा हुलाक चिठीपत्र कुरियर | ५०० | १००० |
| ४२ | टेलिफोन, फ्याक्स, फोटोकपी, मोबाईल फोन सेवा, आई.एस.टि.डि, एस.टि.डि, ईन्टरनेट मर्मत | १००० | २००० |
| ४३ | बाणिज्य बैंक शाखा | ५००० | |
| | क बर्ग | | १०००० |
